# बडीकेदार गाँउपालिका
# गाँउ कार्यपालिको कार्यालय

खड्यौली, डोटी, ७ नं. प्रदेश नेपाल

मोटर साईकल आपुर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकासित मिति : २०७५/०१/२७**

यस बडीकेदार गाँउपालिका कार्यालय लाई आवश्यक पर्ने मोटर साईकल आपुर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउ पत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । योग्य दरभाउ पत्र दाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा दरभाउ पत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयमा सम्पर्क राख्न सक्नेछ ।

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म दरभाउ पत्र फारम, अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्रको प्रतिलिपि, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्रको प्रतिलिपि, आ. व. ०७३/७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रको प्रतिलिपि उत्पादक, फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी र निवेदन साथ दरभाउ पत्र सम्बन्धी कागजातको दस्तुर यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय डोटीमा रहेको खाता नं. ग–४–१४१००३०४०१८१०८ मा जम्मा गरेको सक्कल बैक भौचर वा नगदि रसिद पेश गरेपछी नियमानुसार दरभाउ पत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२) खरिद गरिएका दरभाउ पत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकासित भएको मिति देखी १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई सिलवन्दी दरभाउ पत्र दर्ता गराउनु पर्नेछ ।

३) दरभाउ पत्र फारम साथ तोकेको जमानत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय डोटीमा रहेको धरौटी खाता नं. ग–३४१००३०३००७१०८ मा जम्मा गरेको बैक भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ ।

४) दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र फारमहरु यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २.०० वजे दरभाउ पत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।

५) शिलबन्दी दरभाउ पत्र को कागजात पेश गर्दा खाममा स्पष्ट संग कार्यालयको नाम, ठेक्का नं., कामको विवरण तथा दरभाउ पत्र दाताको नाम र ठेगाना खुलाई शिलबन्दी गरिएको हुनुपर्ने छ ।

६) दरभाउ पत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७) प्राप्त दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

८) दरभाउ पत्र सम्बन्धी अन्य शर्तहरु दरभाउ पत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ ।

९) अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१०) थप कुरा बुझनुपर्ने भएमा ९८५८४२८००० प्रमुख प्रशासकिय अधिकृत र ९८५८४४२३४७ लेखाशाखाको को नम्वरमा सर्म्पक गर्न सकिनेछ ।

| ठेक्का नं. | बिबरण | आवश्यक संख्या | दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| १/०७४/७५ | **Motor cycle 160 CC** ( यस्को विस्तृत स्पेशिफिकेशन दरभाउ पत्र फाराममा उल्लेख गरिएको छ ) | थान ५ (पाँच) | १,००० | ३१२५० |